# धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसुचि–१४
## (नियम २६ को उपनियम (१) संग सम्बन्धित)
### आ. ब. २०७७/७८ को तेस्रो त्रैमासिक अवधिको प्रतिवेदन (२०७७ माघ, फाल्गुण र चैत्र)

**१. वित्तीय विवरण :**

क. यस कम्पनीको आर्थिक वर्ष २०७७/७८ को तेस्रो त्रैमासिक अवधिसम्मको अपरिष्कृत (Unaudited) वासलात, नाफा–नोक्सान सम्बन्धी विवरण सम्पूर्ण शेयरधनीको जानकारीका लागि धितोपत्र दर्ता निष्काशन नियमावली २०७३ बमोजिम प्रकाशन गरिएको छ ।

ख. प्रमूख वित्तीय अनुपातहरु:

| | | |
|---|---|---|
| १. | प्रति शेयर आम्दानी : | रु. १०३.३८ |
| २. | पी. ई. अनुपात : | ४२.८२ |
| ३. | प्रति शेयर नेटवर्थ : | रु. १८८.५४ |
| ४. | प्रति शेयर कुल सम्पतीको अनुपात | रु. १९२.०० |
| ५. | तरलता अनुपात | २.७४ |

प्रति शेयर आम्दानी अनुपात Annualized गरिएको ।

**२. व्यवस्थापकीय विश्लेषण:**

क. कोभिड–१९ महामारीको प्रभाव वर्ष दिन भन्दा बढि समयदेखि निरन्तर रहि रहेको छ । यस्तो अवस्थामा पनि कम्पनी व्यवस्थापनको उच्च सर्तकता तथा कुशल व्यवस्थापनबाट कम्पनीको कारोवार रकममा गत वर्षको यसै अवधिको तुलनामा वृद्धि हुन गएको छ । फरक Variants मा पहिचान भएको र फेरी तिव्रगतिमा फैलदै गएको कोभिड महामारीको प्रभावले भने आउने त्रैमासिक अवधिको कारोवारमा प्रभाव पर्न सक्ने देखिन्छ ।

ख. कम्पनी Golden Oak र Black Oak प्रति अधिक निर्भर भएको हुनाले व्यवस्थापनले लामो सयमको अनुसन्धान पश्चात् उपभोक्ता माझ प्रिमियम ब्राण्डको रुपमा Blue Oak नामक मदिरा उत्पादन गरी यसै त्रैमासिक अवधिदेखि विक्री वितरणको कार्य प्रारम्भ गरिएको छ, यसबाट कम्पनीको कारोबारमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरेका छौं ।

ग. कम्पनीको उत्पादन तथा विक्री वितरण सम्बन्धि कार्यमा असर नपर्ने किसिमले संचालन तथा प्रशासनिक खर्चहरुमा थप केहि मितव्ययीता अपनाईएको कारणबाट गत वर्षको यसै अवधिको उल्लेखित शिर्षकहरुमा हुने खर्च भन्दा चालु बर्षको यसै अवधिमा भएका खर्चहरु कम हुन गएका छन् ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण :**

क. यस त्रैमासिक अवधिमा कम्पनीले पेटेण्ट डिजाइन तथा ट्रेडमार्क ऐन, २०२३ अन्तर्गत दर्ता गरी कानुनी हक प्राप्त गरेको Golden Oak ट्रेडमार्कको हुवहु नक्कल गरी मदिरा उत्पादन तथा विक्री गर्ने तीन उद्योगहरु विरुद्धमा उद्योग विभाग त्रिपुरेश्वरमा उजुरी/निवेदन दिई कारवाही अगाडि बढाएका छौं । यस भन्दा पहिले दिएका ट्रेडमार्क नक्कल सम्बन्धि उजुरी/निवेदनहरु उद्योग विभाग त्रिपुरेश्वर र उच्च अदालत, पाटनमा विचाराधिन अवस्थामा नै रहेका छन् ।

ख. फर्जि सम्झौता पेश गरी रोजगारी दावि गर्दै श्रम अदातलमा मुद्धा दायर गर्ने केहि व्यक्ति उपर कम्पनीले दायर गरेको किर्ते जालसाजि सम्बन्धि मुद्धा हाल उच्च अदालत बिरगंज ईजलासमा विचाराधिन रहि रहकोले सोही बिषयसंग सम्बन्धित श्रम अदालत काठमाडौंमा रहेको मुद्धा समेत विचाराधिन अवस्थामा नै रहेकोछ ।

ग. २०६८ श्रावणको मु.अ. कर सम्बन्धमा अन्तिम कर निर्धारण आदेश तथा आ.व. २०७२/०७३ को आय विवरण उपर ठूलाकरदाता कार्यालयबाट कर परीक्षणको सिलसिलामा उठान गरेको मु.अ. कर सम्बन्धी विषयमा चित्त नबुझि आन्तरिक राजश्व विभागमा प्रशासकीय पुनरावलोकनको लागि निवदन पेश गरिएकोमा यस त्रैमासिक अवधिसम्म पनि सो सम्बन्धमा कुनै निर्णय भएको जानकारी प्राप्त भएको छैन ।

घ. उपरोक्त विषय बाहेक यस त्रैमासिक अवधिमा कम्पनी, यसका संचालक, संचालक समिति विरुद्ध कुनै किसिमको मुद्धा दायर भएको जानकारी कम्पनीमा प्राप्त भएको छैन ।

**४. यस संस्थाको शेयर कारोवार सम्बन्धी विवरण :**

क. खुला बजारको नीति, मूल्य र मान्यता अनुरुप कम्पनीको शेयर कारोवार हुने गरेकोछ ।

ख. यस तेस्रो त्रैमासिक अवधिमा कम्पनीको शेयर कारोवार तपशिल अनुसार भएको देखिन्छ । (श्रोतः www.nepalstock.com.np)

| | |
|---|---|
| अधिकतम् मूल्य | रु. ५,०१०.०० |
| न्यूनतम् मूल्य | रु. ३,८७९.०० |

**५. समस्या तथा चुनौति :**

यस वित्त विवरण अवधिमा कम्पनीले भोगेका समस्या तथा चुनौतीहरु तपशिल बमोजिम रहेका छन् ।

क. गत बर्ष देखि प्रारम्भ भएको कोभिड १९ को पहिलो लहरबाट छुट्कारा पाउने आशाका साथ व्यवसायले पनि लय पकड्न शुरु गर्दै गर्दा पुनः दोश्रो लहर शुरु हुन गएको सन्दर्भमा आगामी दिनहरुमा हुने कम्पनीको कारोवार उपर जटिल चुनौति थप हुन सक्ने महशुस गरेका छौं ।

ख. उद्योगमा कार्यरत मजदुरहरुले कम्पनी व्यवस्थापन समक्ष सामुहिक माग दावी प्रस्तुत गरेकोमा सो उपर पटक, पटक छलफल भएको छ । उद्योगको उत्पादन कार्यमा प्रतिकुल असर नपर्ने गरी छलफल कै माध्यमबाट समाधान निकाल्न व्यवस्थापन प्रयासरत रहेको छ ।

ग. उपभोक्ताले बढि रुचाएको Golden Oak ब्राण्डको मदिराको विक्री वितरणलाई प्रभाव पार्न र उपभोगक्तालाई झुक्यानमा पारी आफूलाई आर्थिक फाईदा लिनका लागि बजारमा उस्तै लेवल, वोतल प्रयोग गर्ने, कम शक्ति र कम गुणस्तरको मदिरा उत्पादन गरी विक्री वितरण गर्ने कार्य विभिन्न उद्योगबाट गरिएको छ । साथै कम्पनीको ट्रेडमार्क अंकित वोतलहरु प्रयोग गर्ने, सक्कली Golden Oak को जस्तै लेवल बनाई विभिन्न नाम दिई कम शक्ति र कम गुणस्तरमा मदिरा उत्पादन र विक्री वितरण गर्ने कार्यले निरन्तरता पाएको छ । यस्तो कार्यले निरन्तरता नपाओस् र कम्पनीको उल्लेखित ब्राण्डहरुको पहिचान यथावत रुपमा उपभोगक्ता समक्ष रहि रहोस् भन्नका लागि कम्पनी व्यवस्थापनले कानुनी उपचारको बाटोहरु अवलम्वन गर्दै आएता पनि पूर्ण रुपमा यस्तो कार्यमा रोक लाग्न नसकेका कारण थप चुनौति थपिएको छ ।

**६. संस्थागत सुशासन :**

क. कम्पनी संचालनका क्रममा संस्थागत शुसाशनको अनुपालनालाई सुनिश्चित गर्नु पर्ने कुरालाई मध्यनजर गरी यसलाई अझ बढि प्रभावकारी बनाउन र थप सुनिश्चित गर्दै जानका लागि थर्ड पार्टि स्वतन्त्र विज्ञ मार्फत् कम्पनीको System Audit गराउन त्यस्ता विज्ञ व्यवसायिक व्यक्ति वा संस्था चयन गर्ने प्रकृयामा रहेका छौं ।

ख. कम्पनीले आन्तरिक लेखा परीक्षकको कार्यलाई मजबुत एवं व्यवस्थित बनाउनका लागि बाह्य तथा स्वतन्त्र रुपमा लेखा परीक्षक नियुक्ति गरी लेखा परीक्षणको कार्यलाई निरन्तरता दिएको, कारखानामा उत्पादन हुने बस्तुहरु र सो मा प्रयोग हुने कच्चा पदार्थहरु ऐन, नियमावली, निर्देशिका बमोजिम आम्दानी तथा खर्च, अन्तः शुल्क स्टिकरको आम्दानी तथा खर्च, उत्पादन तथा निकासी भएको वस्तुहरुको दुरुस्त रेकर्ड राख्ने, आम्दानी तथा खर्च अनुसार भौतिक स्टकको नियमित जांच गर्ने तथा सो को आवधिक परिक्षण समेत गर्ने गरिएको छ । साथै यस सम्बन्धमा आन्तरिक राजश्व कार्यालयबाट खटिएका अन्तः शुल्क निरिक्षकको समेत प्रत्यक्ष निगरानीमा कम्पनीको उत्पादन तथा बिकि वितरण कार्य संचालन हुने हुँदा कम्पनीको आर्थिक कारोवार व्यवस्थित, मर्यादित र पारदर्शि रहने कुरामा हामी विश्वस्त छौं । उद्योग रहेको क्षेत्रका स्थानिय निकायहरु संगको सम्वन्ध सुमधुर कायम राख्न र उद्योग परिसर र वरिपरिको वातावरण प्रति उद्योग सदैव सचेत रहेको, उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको गुणस्तर,मूल्य आदिलाई सुक्ष्म रुपले अध्ययन गर्ने र कारखानाको उत्पादकत्वमा वृद्धि, उत्पादित वस्तुको गुणस्तर सुनिश्चत गर्नका लागि र कम्पनीको आर्थिक अवस्था सुदृढ कायम राख्न सक्षम हुने विश्वास लिएका छौं ।

**७. सत्य तथ्य सम्बन्धमा प्रमूख कार्यकारी अधिकृतको उद्घोषण :**

यस त्रैमासिक अवधिको प्रतिवेदनमा उल्लेखित विवरणहरुको स्पष्टता र सत्यता सम्बन्धमा म व्यक्तिगत रुपमा जिम्मेवारी लिन चाहान्छु । मैले जाने बुझेसम्म यस प्रतिवेदनका विवरणहरुमा कुनै पनि सत्य, तथ्य लुकाईएको छैन । कम्पनीले आफ्ना लगानीकर्ताहरुलाई सू–सूचित गराउनका लागि आर्थिक विवरण तथा जानकारीहरु नलुकाइएको व्यहोरा समेत यहाँहरु समक्ष अवगत गराउँदछु ।

## Provisional Statement of Financial Position as on 31st Chaitra, 2077 (3rd Quarter)

| Particulars | This Quarter Ending Rs. | Upto Previous Quarter Ending Rs. | Corresponding Previous Year Quarter Ending Rs. |
|---|---|---|---|
| **Non-Current Assets** | | | |
| Property, Plant and Equipment | 527,978,155 | 536,981,485 | 576,867,804 |
| Capital Work in Progress | 44,596 | - | - |
| Intangible Assets | 722,457 | 758,323 | 1,004,403 |
| Financial Assets - Advance for investment | 20,000,000 | 20,000,000 | 21,900,050 |
| Other non-current assets | 20,193,142 | 20,193,142 | 20,193,142 |
| **Total Non-Current Assets** | **568,938,350** | **577,932,950** | **619,965,398** |
| **Current Assets** | | | |
| Inventories | 503,941,565 | 398,527,286 | 671,759,052 |
| Financial Assets | | | |
| Trade & Other Receivable | 1,018,582,134 | 1,349,196,039 | 585,428,588 |
| Cash & Bank Balance | 108,213,419 | 395,960,907 | 8,180,978 |
| Other current assets | 96,416,397 | 79,387,604 | 33,397,233 |
| Non-current assets held for sale | | 12,727,970 | |
| **Total Current Assets** | **1,727,153,515** | **2,235,799,806** | **1,298,765,851** |
| **Total Assets** | **2,296,091,865** | **2,813,732,756** | **1,918,731,250** |
| **Equity and Liabilities** | | | |
| **Equity** | | | |
| Share capital | 867,702,375 | 867,702,375 | 578,468,250 |
| Other equity - Reserve and surplus | 768,241,479 | 493,144,175 | 646,343,215 |
| **Total equity** | **1,635,943,854** | **1,360,846,550** | **1,224,811,465** |
| **Non-Current Liabilities** | | | |
| Financial liabilities - Borrowings | 466,658 | 965,210 | 4,217,642 |
| Deferred Tax Liabilities | 29,587,436 | 29,587,436 | 28,525,239 |
| **Total Non-Current Liabilities** | **30,054,094** | **30,552,645** | **32,742,880** |
| **Current Liabilities** | | | |
| Financial liabilities | | | |
| Borrowings | 1,380,359 | 501,905,657 | 175,605,257 |
| Trade payables | 333,693,856 | 279,488,718 | 174,614,581 |
| Other financial liabilities | 105,484,895 | 377,457,611 | 94,032,723 |
| Other current liabilities | 181,869,029 | 226,883,497 | 146,338,680 |
| Current tax liabilities | 7,665,779 | 36,598,078 | 70,585,663 |
| **Total Current Liabilities** | **630,093,918** | **1,422,333,561** | **661,176,905** |
| **Total Equity & Liabilities** | **2,296,091,865** | **2,813,732,756** | **1,918,731,250** |

## Provisional Statement of Profit or Loss for the Quarter ended as on 31st Chaitra, 2077 (3rd Quarter)

| Particulars | This Quarter Ending Rs. | Upto Previous Quarter Ending Rs. | Corresponding Previous Year Quarter Ending Rs. |
|---|---|---|---|
| Gross Revenue from Sale of Goods | 3,895,162,564 | 2,389,246,566 | 3,573,592,039 |
| Less: Excise Duties | 1,597,216,487 | 941,466,002 | 1,761,309,150 |
| Less: Cost of Goods Sold | 840,961,202 | 562,204,095 | 779,281,642 |
| Less: Manufacturing Expenses | 84,621,105 | 23,220,457 | 66,715,781 |
| **Gross Profit** | **1,372,363,770** | **862,356,013** | **966,285,466** |
| Other Operating Income | 158,702,388 | 56,786,037 | 44,762,496 |
| **Total Income from Operations** | **1,531,066,158** | **919,142,049** | **1,011,047,962** |
| Employee benefit expenses | 180,805,432 | 109,234,733 | 140,666,446 |
| Administrative Expenses | 85,629,200 | 61,465,606 | 120,218,095 |
| Selling & Distribution Expenses | 308,942,223 | 183,401,023 | 111,719,044 |
| **Operating Profit** | **955,689,304** | **565,040,687** | **638,444,377** |
| Depreciation and Amortization | 35,603,479 | 23,704,801 | 37,114,025 |
| Finance Expenses | 17,072,828 | 7,579,673 | 14,534,241 |
| **Profit Before Tax** | **903,012,997** | **533,756,213** | **586,796,112** |
| Current Tax/Tax Adjustment | 230,268,314 | 136,107,834 | 149,633,009 |
| **Net Profit for the Period** | **672,744,682** | **397,648,379** | **437,163,103** |
| **Financial Ratios** | | | |
| *Earning Per Share Ratio: Basic | 103.38 | 91.66 | 100.76 |
| *Earning Per Share Ratio: Diluted | 103.38 | 91.66 | 100.76 |
| Price Earning Ratio: | 42.82 | 47.13 | 12.70 |
| Net Worth Per Share Ratio: | 188.54 | 156.83 | 211.73 |
| Net Assets Per Share Ratio: | 192.00 | 160.35 | 217.39 |
| Liquidity Ratio: | 2.74 | 1.57 | 1.96 |

**Notes:**

Account heads have been re-grouped/re-classified wherever necessary so as to comply the Nepal Financial Reporting Standards

* Earning Per Share has been annualized.


**हिमालयन डिष्टिलरी लिमिटेड,**

बिरगञ्ज महानगरपालिका वडा नं. – २१,
लिपनि बिर्ता, पर्सा, नेपाल